लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय बर्दिया

गुलरिया, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: 622

मितिः २०८२/०७/०२

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय, राप्ती
उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय, बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा गरिब कल्याण सामुदायिक वन उपभोक्ता समूह, वढैयाताल गा.पा.-९, मयुरबस्ती, बर्दिया को प.सं. २०८२।०८३, च.नं.१५, मिति २०८२/०७/०२ को पत्रसाथ संलग्न वनपैदवार लिलाम बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

नि. डिभिजनल वन अधिकृत
2082/07/02

**बोधार्थः**

श्री गरिब कल्याण सामुदायिक वन उपभोक्ता समूह, वढैयाताल गा.पा.-९, मयुरबस्ती, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

# श्री गरिब कल्याण सामुदायिक वन उपभोक्ता समूह

बढैयाताल गा.पा.-१, बर्दिया

प.सं.- २०८२।०८३

च.नं.- ९५

मितिः २०८२।०७।०२

<u>विषयः सूचना टाँस र वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।</u>

श्री डिभिजन वन कार्यालय, बर्दिया

गुलारिया बर्दिया ।

प्रस्तुत विषयमा काठ/दाउरा लिलाम बिक्री सम्वन्धि विस्तृत सूचना पाना १ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त सूचना वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) र वन निर्देशनालय, बुटवलको वेबसाईटमा अपलोड गर्नका लागि तहाँबाट नै जानकारी पठाईदिनुका साथै तहाँको वेवसाईटमा समेत अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

(...............................)

अध्यक्ष

२०८२।०७।०२

डिभिजन ... बर्दिया

दर्ता नं. ९२१४

०८२।०७।०२

# श्री गरिब कल्याण सामुदायिक वन उपभोक्ता समूह

## बढैयाताल गा.पा.-९,बर्दिया

### काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२।०७।०१ गते शनिबार यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८१।०८२ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.२ मिति २०८२।०४।०१ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ । दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २३ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।(१) वन पैदावारको विवरण :

तपशिल नं.१

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | साल | A | २६ | ५२०.७२ | १२५० | ६५०९०० | १४२ | ७३९४२.२४ | |
| २ | साल | B | ६७ | ९२०.८४ | ९०० | ८२८७५६ | १४२ | १३०७५९.२८ | |
| जम्मा | | | ९३ | १४४१.५६ | २१५० | १४७९६५६ | २८४ | २०४७०१.५२ | |

लट नं.२

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | साल | C | १२२ | ८११.५ | ६०० | ४८६९०० | १४२ | ११५२३३ | |
| २ | साल | D | १३ | २१.०३ | ३०० | ६३०९ | १४२ | २९८६.२६ | |
| जम्मा | | | १३५ | ८३२.५३ | ९०० | ४९३२०९ | २८४ | ११८२१९.२६ | |

लट नं.३

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | कुसुम | N | २ | १२.३८ | १०० | १२३८ | १४२ | १७५७.९६ | |
| २ | जामुन | B | ५ | ५०.९५ | ३०० | १५२८५ | १४२ | ७२३४.९ | |
| ३ | जामुन | C | १२ | ७०.५३ | १०० | ७०५३ | १४२ | १००१५.२६ | |
| ४ | असना | A | ६ | ८५.८६ | ४०० | ३४३४४ | १४२ | १२१९२.१२ | |
| ५ | असना | B | १६ | ३३.६३ | ३०० | १००८९ | १४२ | ४७७५.४६ | |
| ६ | असना | C | ७ | १५०.३३ | १०० | १५०३३ | १४२ | २१३४६.८६ | |
| जम्मा | | | ४८ | ४०३.६८ | १३०० | ८३०४२ | ८५२ | ५७३२२.५६ | |

लट नं.४

| सि.न. | जात | चट्टा | दर | न्युनतम मुल्य रु. | दर | |
|---|---|---|---|---|---|---|
| | | | | | दर | जम्मा रु |
| १ | साल दाउरा | ९ | १२००० | १०८००० | १०४५० | ९४०५० |
| २ | साल मिश्रीत दाउरा | १ | ८००० | ८००० | १०४५० | १०४५० |
| जम्मा | | | २०००० | ११६००० | २०९०० | १०४५०० |

अध्यक्ष

(२) जम्मा बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।०७।२१ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।०७।२३ गते दिउँसो १२:०० बजे भित्र

(३) वोलपत्र साथ कवोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको नेपाल वैंक लि.गुलारिया शाखामा रहेको खाता नं.**२४०००१००८१२९९५०००००१** मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ।

(४) वोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय वर्दियावाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले वोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८२।०७।२३** गते यस समुहको कार्यालयमा दिउँसो ३:०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोलिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाएर लैजानु पर्नेछ ।

(९) वोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) वोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।